आज मिति २०७९/०८/०७ गते बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा **कार्यपालिकाको आकस्मिक बैठक** देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

यस धनगढी उप-महानगरपालिका वडा नं. ८, कैलाली बस्ने राहुल कार्की समेतले धनगढी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनगढी, कैलाली समेत विरुद्ध रिट नं. ०७९-WO-०४३१ को उत्प्रेषण परमादेश समेत रिट सम्मानित श्री सर्वोच्च अदालतमा दायर गरी यस धनगढी उप-महानगरपालिका कार्यालय समेतका नाउको म्याद जारी भई यस धनगढी उप-महानगरपालिका कार्यालयको तर्फबाट सम्मानित श्री सर्वोच्च अदालतमा उपस्थित भई लिखित जवाफ दिनुको साथै रिट मुद्दामा रुजु हाजिर रही पक्षका तर्फबाट गर्ने सम्पूर्ण कार्य गर्न वा आफ्नो सट्टा अख्तियारी समेत दिन पाउने गरी जो जे गर्नुपर्ने सबै काम कारवाही गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठलाई पक्षको तर्फबाट गर्ने सम्पूर्ण कार्य गर्न अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं.२:**

यस धनगढी उप-महानगरपालिका वडा नं. १७, कैलाली बस्ने वर्ष ५८ को प्यारे लाल रानाले धनगढी उप-महानगरपालिकाको कार्यालय, धनगढी, कैलाली समेत विरुद्ध रिट नं. ०७९-WO-०४२८ नं. को उत्प्रेषण परमादेश लगायतका जो चाहिने आदेश जारी गरी न्याय पाउँ भन्ने रिट सम्मानित श्री सर्वोच्च अदालतमा दायर गरी सम्मानित श्री सर्वोच्च अदालतबाट जारी भएको म्याद बुझि यस धनगढी उप-महानगरपालिका कार्यालयको तर्फबाट सम्मानित सर्वोच्च अदालतमा उपस्थित भई लिखित जवाफ दिनुको साथै रिट मुद्दामा रुजु हाजिर रही पक्षका तर्फबाट गर्ने सम्पूर्ण कार्य गर्न वा आफ्नो सट्टा अख्तियारी समेत दिन पाउने गरी जो जे गर्नुपर्ने सबै काम कारवाही गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठलाई पक्षको तर्फबाट गर्ने सम्पूर्ण कार्य गर्न अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ३:**

सम्मानित श्री सर्वोच्च अदालतमा यस उप-महानगरपालिका कार्यालयलाई विपक्षी बनाई परेको रिट सम्बन्धमा कामकाज गर्दा खटिने कर्मचारी र कानून व्यवसायीको सम्पूर्ण खर्च उप-महानगरपालिकाले व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

धनगढी उप-महानगरपालिकाका उप-प्रमुख श्री कन्दकला कुमारी रानाको सासु आमा श्री रामरतो देवी रानाको मिति २०७९/०८/०५ गते दुःखद निधन भएकोले दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो।